नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(................................................शाखा)

राष्ट्रिय युवा परिषद-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८१/८२
च.नं.: ३२६

मिति: २०८१।०६।०२

श्री सम्बन्धित सबै ।

बिषय: रोजगारमूलक सिप बिकास कार्यक्रमका लागि माग पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरुदेखि १६ देखि ४० वर्षका युवाहरुलाई लक्षित गरी बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । नेपाली युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउँदै सबल अर्थतन्त्रको विकासका माध्यमबाट समृद्ध नेपाल निर्माणमा युवालाई सहभागि गराउन यस परिषद्को आ. व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बिभिन्न बिषय क्षेत्रमा युवाहरुका लागि **रोजगारमूलक सिप बिकास कार्यक्रम** संचालन गरिने भएकाले मागमा आधारित तालिम संचालन गर्ने प्रयोजनार्थ तपसिल बमोजिम योग्यता पुगेका इच्छुक युवाहरुले मिति २०८१।०६।३० गतेभित्र यस परिषदमा वा दिइएको गुगल फर्मको लिङ्क वा QR क्लिक गरी आफ्नो आवश्यक्ता र रुची अनुसारको बिषयमा माग पेश गर्नुहन अनुरोध छ ।

फाराम भर्न स्क्यान गर्नुहोस...

कर्णबहादुर कवर
उपसचिव

तपसील :

१) नेपाली नागरिक ।

२) १६ देखि ४० वर्षका युवाहरु तर रिटर्नीलाई उमेर हद नलाग्ने ।

३) कम्तिमा कक्षा ८ उत्तीर्ण तर तोकीएका तालिमका लागि साधारण लेखपढ।

**नोट:** यो तालिम निशुल्क प्राप्त गर्न सकिनेछ । कुनै स्थानीय तह, जिल्ला वा प्रदेशमा कुनै तालिमका लागि कम्तीमा २० जना संख्या पुगेमा सोहि स्थानमा तालिम संचालन गरिनेछ। तालिमका सहभागीहरुलाइ आवश्यक्तानुसार सिप परिक्षण गराइ उद्यमशिलता तथा वितीय साक्षरता तालिम दिइनुका साथै व्यवसाय सुरुका लागि बिउ पूँजी उपलब्ध गराउन युवा उद्यम कार्यक्रममा समेत प्राथमिकता दिईनेछ।

वेवसाइट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)